# पूर्वीचौकी गाउँपालिकाका उपाध्यक्ष श्री पशुपती खडका ज्यूद्धारा गाउँसभाको १७औं अधिवेशनमा प्रस्तुत गरीएको आर्थिक वर्ष २०८२/०८३ को

## बजेट-२०८२/०८३

पूर्वीचौकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सानागाउँ, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

यस पूर्वीचौकी गाउँपालिकाको गाउँ सभाको १७औं अधिवेशनका सभाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्युहरु, संचारकर्मी मित्रहरु र सम्पुर्ण उपस्थित आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु, समाजसेवी, बुद्धिजिवी महानुभावहरु, पूर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।

यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएको राजनीतिक क्रान्ति, सशस्त्र संघर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने विर शहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरीक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु ।

आर्थिक समृद्धि मार्फत गरीबी निवारण गरी समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामी प्रतिबद्ध भई सो अनुरुपको नीति तथा कार्यक्रमका लागि हामी प्रतिवद्ध छौ ।

नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य, सोह्रौ पञ्चवर्षिय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो बजेट तयार पारिएको छ ।

**आदरणीय सभासद ज्यू तथा उपस्थति महानुभावहरु :**

अब म गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा लिएका नीतिगत आधार प्रस्तुत गर्न चाहान्छु।

- नेपालको संविधान २०७२

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४
- विधमान राष्ट्रिय प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधी, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा आवश्यक दफा र नियम
- स्थानीय तहको आवधिक योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरु
- पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु
- दिगो विकासका लक्ष्यहरु,
- विकासका अन्तर सम्बन्धित विषयहरु
- स्थानीय सरकारले जनता समक्ष गरेका प्रतिवद्धताबाट सिर्जित दायित्व
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा यसको सम्भाब्यता

अब म आ.व २०८२/०८३ को आय तर्फ अनुमानित बजेट प्रस्तुत गर्न चाहान्छु

| क्रस. | शीर्षक | अनुदान प्रदान गर्ने निकाय/स्रोत | रकम (रु हजारमा) | अक्षेरुपी |
|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण | संघ | ९०८००००० | नौ करोड आठ लाख मात्र । |
| | | प्रदेश | ७९६७००० | उनासी लाख सतसट्ठी हजार मात्र |
| २ | राजश्व बाडफाड | संघ | ९२३६६७४७ | नौ करोड तेइस लाख छैसट्ठी हजार सात सय सच्चालिस मात्र । |
| | | प्रदेश | ३१५५००० | एकतिस लाख पचपन्न हजार मात्र |
| ३ | विशेष अनुदान | संघ | ७९००००० | उन्नासी लाख मात्र |
| | | प्रदेश | ० | |
| ४ | सशर्त अनुदान | संघ | २६६२००००० | छब्बीस करोड बैसट्ठी लाख मात्र |
| | | प्रदेश | ५५००००० | पचपन्न लाख मात्र । |
| ५ | सपपुरक अनुदान | संघ | २८१००००० | २ करोड एकासी लाख मात्र |
| | | प्रदेश | ५०००००० | पचास लाख (क्रमागत) |
| ६ | आन्तरिक आय | स्थानीय | १०००००००० | एक करोड मात्र (अनुमानित) |
| जम्मा रकम | | | ५१६९८८७४७ | एकाउन्न करोड उनासत्तरी लाख अठासी हजार सात सय सच्चालिस मात्र |

अब म आ.व २०८२/०८३ को व्यय तर्फको अनुमानित बजेट प्रस्तुत गर्न चाहान्छु

| क्रस. | शीर्षक | रकम (रु हजारमा) | अक्षेरुपी |
|---|---|---|---|
| १ | चालु तर्फ | ३९,५०,००,००० | उन्नाचालिस करोड पचास लाख मात्र |
| २ | पुजीगत तर्फ | १२,१९,८८,७४७ | बाह्र करोड उन्नास लाख अठासी हजार सात सय सच्चालिस मात्र |

अन्त्यमा:

आ.व. २०८२/०८३ को बजेट निर्माणको शिलशिलामा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत अन्य विषयगत समितिहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्य ज्युहरु, गाउँपालिकाका कर्मचारीहरुको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

बजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरिक समाज, उद्योगी, व्यावसायीहरु, बुद्धिजिवीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालिका बासी आमाबुवा, दाजुभाइ, दिदिबहिनी तथा ईष्ट मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत गर्ने
पशुपती खडका
उपाध्यक्ष

पशुपति खड्का
उपा-अध्यक्ष